# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
कृषि विकास शाखा
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या: ०७७/७८
चलानी नं.

**गणक जनशक्ति करारमा लिने सम्बन्धि सूचना !!!**

प्रथम पटक प्रकाशित: मिति २०७८/०२/२४

प्रस्तुत विषयमा मुलुकभरको कृषकहरुको विवरणलाई तिन वटै सरकारहरुको पहुँचमा रहने गरी व्यवस्थित गर्न र सोही आधारमा आगामी दिनमा कृषि विकास सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि आ .ब. २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका भित्रका कृषकहरुको विद्युतीय प्रणाली मार्फत विवरण संकलन गरी सुचिकृत गर्न कृषक सूचीकरण अवधिभरका लागि तपसिलको संख्यामा तथ्याङ्क संकलक/गणक आवश्यक परेको हुँदा न्युनतम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुले सुचना प्रकाशित भएको मितिले ७ दिन (२०७८/०२/३०) गते भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन दरखास्त फाराम यस नगरपालिकाको वेवसाइट www.kageshworimanoharamun.gov.np बाट उपलब्ध हुनेछ ।

**तपसिल:**

| क्र.स. | पद | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | गणक | २७(प्रत्येक वडामा ३ जनाका दरले) | १२ कक्षा उत्तीर्ण |

**१.विशेष प्राथमिकता**

- स्मार्ट फोन वा ल्यापटप साथमा भएको व्यक्ति।
- कृषि तथा पशुपालन विषयमा जे.टी/जे.टी.ए उत्तीर्ण भएको।
- राष्ट्रिय स्तरको गणना तथा सर्भेक्षण कार्यमा अनुभव हासिल वा तालिम लिएको व्यक्ति।
- न्युनतम तीन महिनाको आधारभूत कम्प्युटर तालिम प्राप्त व्यक्ति।

**२ .आवश्यक कागजातहरु**

- नेपाली नागरिकताको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि।
- तालिम तथा अनुभवको प्रमाणहरु।

३ .काम गर्नुपर्ने क्षेत्र: **कागेश्वरी मनोहरा नगरपालिका** अन्तर्गत।

४. कामको विवरण: किसान सुचिकरणका लागि कृषि तथ्याङ्क संकलन गरी सफ्टवेयरमा प्रविष्ट गर्ने।

५ .सेवा सुविधा: किसान सुचिकरण कार्यान्वयन कार्यविधि, २०७७ अनुसार ।

६ .उमेर :१८ वर्ष पुरा गरी ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)।

७. छनौटको किसिम: सर्टलिस्ट तथा अन्तरवार्ता

८. सम्पर्कको लागि: राम बहादुर देउजा (पशु सेवा शाखा) ९८४१२९४९८४, मेनुका तिवारी (कृषि विकास शाखा) ९८४६०९८७९०

९. आवेदन दरखास्त बुझाउने स्थान: कागेश्वरी मनोहरा नगरपालिका,कृषि विकास शाखा, थली, काठमाण्डौ ।

२०७८/०२/२४

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत